# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला (बर्दघाट-सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

**स्थानीय राजपत्र.**

| | | | |
|---|---|---|---|
| **खण्डः१** | **अंकः२** | **फागुन, १ गते २०८२ साल** | **(संख्याः१०)** |


**भाग-२**

नगर कार्यपालिकाको मितिः २०८२/१०/२८ मा स्वीकृत भएको देहाय बमोजिमको मापदण्ड स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम सवर्साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

## “भूमिहीन किसानलाई करार खेतीमा सहयोग कार्यक्रम” सन्चालन गर्ने सम्बन्धी मापदण्ड -२०८२

बर्दघाट नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०८२ को दफा १८ बमोजिम भूमिहीन किसानलाई करार खेतीमा सहयोग कार्यक्रम सन्चालन गर्नको लागि मापदण्ड निर्धारण गरी प्रक्रिया आगाडी बढाउने सम्बन्धमा मितिः २०८२/१०/२८ को नगर कार्यपालिकाको निर्णयानुसार यो मापदण्ड तर्जुमा गरिएको छ।

**परिभाषाः**

भूमिहीन किसानलाई करार खेतीमा सहयोग कार्यक्रम भन्नाले बर्दघाट नगरपालिका क्षेत्रभित्र स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने कृषि योग्य जमिन स्वामित्व नभएका भूमिहीन किसानहरूलाई जग्गाधनीसँग आपसी सहमतिमा करार खेती गर्न प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिका मार्फत सञ्चालन गरिने कार्यक्रमलाई जनाउँछ। यस कार्यक्रममा करार खेतीका लागि सहजीकरण, क्षेत्रफल आधारित रकम अनुदान, प्राविधिक सेवा, बीउ-बिजन, मल, सिँचाइ, तालिम, अनुदान तथा बजार पहुँचमा सहयोग प्रदान गरिनेछ, जसबाट भूमिहीन किसानको जीविकोपार्जन, आयआर्जन र कृषि उत्पादन वृद्धि गर्न सहयोग पुग्नेछ।

**१. कार्यक्रमको उद्देश्यः**

- भूमिहीन किसानलाई भूमिको पहुँच उपलब्ध गराउने।
- करार खेतीमार्फत उत्पादनमा वृद्धि, सीप विकास र आय वृद्धिमा सहयोग गर्ने।
- किसान र भूमि/कम्पनी/समूहबीच दिगो र न्यायसंगत सहकार्य सुनिश्चित गर्ने।
- कृषि व्यवसायीकरण, सहकारीकरण र स्थानीय रोजगारीलाई प्रवर्द्धन गर्ने।

**२. लक्षित लाभग्राही (Eligibility Criteria):**

- आफ्नो नाममा वा परिवार सदस्यको नाममा कुनै कृषियोग्य जग्गा नभएको वा खानपुग्ने गरी खेतीगर्ने जग्गा नभएको।
- सीमान्त किसान (आवश्यकता अनुसार समेट्न सकिने)
- **अन्य प्राथमिकता समूहः** महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, सहायता समुहका सदस्य, समुदायद्वारा पहिचान गरिएका गरिब किसान।

**३. सहयोगका प्रकार (Support Package):**

**३.१ क्षेत्रफल आधारित रकम अनुदान**

**क. खाद्यान्न/तेलहन/दलहन खेतीः**

| बाली | खेती क्षेत्रफल | जग्गा करारमा अनुदान दर | अधिकतम क्षेत्रफल | अधिकतम अनुदान रकम |
|---|---|---|---|---|
| खाद्यान्न/तेलहन/ दलहन बाली | न्यूनतम ५ कठ्ठा | रु. २,०००/कठ्ठा | १ विघा सम्म | रु. ४०,००० |

**ख. तरकारी खेतीः**

| खेती क्षेत्रफल | जग्गा करारमा अनुदान दर | सीप/प्रविधि/औजार | विउ विजन/ बली संरक्षण/ सिंचाई सामग्री | अधिकतम अनुदान रकम |
|---|---|---|---|---|
| न्यूनतम २ कठ्ठा | रु. २,०००/ कठ्ठा | रु. १०,००० | रु. १०,००० | रु. २४,००० |
| न्यूनतम ५ कठ्ठा | रु. २,०००/ कठ्ठा | रु. १५,००० | रु. २०,००० | रु. ४०,००० |
| न्यूनतम १० कठ्ठा | रु. २,०००/ कठ्ठा | रु. २५,००० | रु. ३०,००० | रु. ८५,००० |

**४. लाभग्राही छनोट प्रक्रिया**

क. सूचना प्रकाशन गरि आवेदन संकलन

ख. स्थल निरीक्षण र आर्थिक-सामाजिक अवस्थाको मूल्याङ्कन

ग. प्राथमिकता समूहका आधारमा स्कोरिङ निम्न बमोजिम

**स्कोरिङ प्रणाली**

| **मापदण्ड** | **अंक** |
|---|---|
| भूमिहीन | ३० |
| गरिबी अवस्था | २० |
| परिवारमा अपांग/महिला मुखिया | २० |
| कृषि अनुभव | २० |

| | |
|---|---|
| समूह/सहकारी सदस्यता | ५ |
| तालिम/सीप | ५ |

घ. छनौट सूची प्रकाशन

ङ. जग्गा करारको अनुदान रकम छनौट भएका कृषकको बैंक खातामा भुक्तानी गरिने।

च. सीप/प्रविधि/औजार तथा विउ विजन/बली संरक्षण/ सिंचाई सामग्रीको हकमा कृषकको माग अनुसार खरीद गरी नि-शुलक उपल्बध गराइने।

**५. आवश्यक कागजातः**

- नागरिकताको प्रतिलिपि
- बसोबास प्रमाण
- भूमिहीन प्रमाणको हकमा वडा कार्यालयको सिफारीस पत्र
- वडा कार्यालयको रोबरमा करार खेती सम्झौता
- खेती क्षेत्रफलको हकमा जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि
- बैंक खाता प्रमाणको प्रतिलिपि

**६.अनुगमन तथा मूल्यांकनः**

कार्यक्रम संचालन हुनु अगी र संचालन भई सकेपक्षि कृषि विकास शाखाले जनाप्रतिनिधिको रोबरमा कुनै पनि बेला आवशक अनुगमन गर्नेछ ।

**७.विवाद समाधानका संयन्त्रः**

कार्यक्रम संचालनको क्रममा कुनै विवाद उत्पन्न भएमा दुई पक्ष बैठक बसी आपसी सहमतिमा टुंगो लगाईने छ ।

आज्ञाले,

बाबुराम पौडेल

प्रमुख प्रशासकीय अधिकृत